आज मिति २०८०/०४/०५ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थिति:</u>

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

<u>अन्य उपस्थिति:</u>

१. उद्गम तिमिल्सिना, लेखा अधिकृत
२. वासु पण्डित, प्रशासन शाखा प्रमुख
३. विष्णुहरि नहर्की, कम्प्युटर अपरेटर
४. कृष्ण सापकोटा, न्यायिक सहजकर्ता
५. ई. कमल राउत, योजना शाखा प्रमुख
६. सब-इन्जिनियर भरत गुरुङ

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

**बैठक संख्या:** २५

**अध्यक्षता:** श्री दान बहादुर गुरुङ

**बैठक मिति:** २०८०।०४।०५

**बैठक स्थान:** इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

**बैठक समय:** ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०४।०५ | ८:०० | आ. व. २०८०।८१ को लागि इच्छाकामना गाउँपालिकाको दर रेट निर्धारण गर्ने सम्बन्धमा। | भौतिक पूर्वाधार शाखा | १ |
| २०८०।०४।०५ | ८:०५ | गाउँपालिकाको क्षेत्राधिकार भित्र रहि कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा। | शिक्षा शाखा | २ |
| २०८०।०४।०५ | ८:१० | समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीहरुको सम्बन्धमा। | योजना शाखा | ३ |
| २०८०।०४।०५ | ८:१५ | निकासी कर(स्थानीय शुल्क) ठेक्का नविकरण गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८०।०४।०५ | ८:२० | विपद्‌बाट प्रभावितलाई सहयोग प्रदान गर्ने सम्बन्धमा। | विपद् व्यवस्थापन शाखा | ५ |
| २०८०।०४।०५ | ८:२५ | करारका कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ६ |
| २०८०।०४।०५ | ८:३० | वडा नं ६ मा रहेको देवीभञ्ज्याङ रा. आ. वि. कालिखोलामा शिक्षक व्यवस्थापन सम्बन्धमा। | शिक्षा शाखा | ७ |
| २०८०।०४।०५ | ८:३५ | लामो झरना, उपर्दाङगढी, सिराईचुली,बालगौरी पाथिभरा मन्दिर र इच्छाकामना मन्दिरमा सरसफाई एवं टिकट काट्नको लागि जनशक्ति ब्यवस्थापन सम्बन्धमा। | प्रशासन शाखा | ८ |
| २०८०।०४।०५ | ८:४० | गाउँपालिकाका महत्वपूर्ण सडकहरुमा LENGTH WORKER राख्ने सम्बन्धमा। | प्रशासन शाखा | ९ |
| २०८०।०४।०५ | ८:३० | टोल विकास संस्थालाई फोहोर मैला व्यवस्थापनका लागि तालिम प्रदान गर्ने सम्बन्धमा। | विविध/छलफल | ७ |
| | | सम्पत्ति कर सम्बन्धमा। | | |
| | | उपभोक्ता समिति गठन र प्रशिक्षण सम्बन्धमा। | | |
| | | देवीभञ्ज्याङ कालीखोला र देउराली सुन्दरवस्ती शिक्षक व्यवस्थापन सम्बन्धमा। | | |

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

**मिति** २०८०।०३।२७ मा बसेको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**कार्यपालिका बैठकको निर्णयहरु:**

१. इच्छाकामना गाउँपालिकाको आ.व. २०८०।०८१ मा स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रममा उल्लेख भएका योजना तथा कार्यक्रमहरुको सञ्चालनका लागि पूर्वाधार विकास शाखाबाट पेश भएको दररेट स्वीकृत गर्ने। साथै उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा उपभोक्ताले कम्तिमा देहाय बमोजिमको श्रमदानको अंश बेहोर्नु पर्ने।

(क) संरचना निर्माण कार्यमा १० प्रतिशत

(ख) अन्य कार्यमा २० प्रतिशत

२. इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको क्षेत्राधिकार भित्र रही देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने।

(क) इच्छाकामना गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि,२०८०

(ख) इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि,२०८०

३. योजना शाखाबाट पेश भए बमोजिम ठेक्का नं. NCB/IRM/24/075/076, Construction of Jhyandala Khanepani Lifting कार्य समयमा सम्पन्न नगर्ने जलेश्वर निर्माण सेवा निलकण्ठ-०८, धादिङलाई कालो सूचीमा राख्ने प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

४. आर्थिक प्रशासन शाखाबाट पेश भए बमोजिम चित्रराज कन्स्ट्रक्सन इच्छाकामना-५, मुग्लिङ, चितवनसंग आ.व. २०७९।०८० मा भएको निकासी कर (स्थानीय शुल्क) सम्बन्धी ठेक्का सम्झौता आ.व. २०८०।०८१ का लागि नविकरण नगर्ने।

५. भवन तथा बस्ती विकास शाखाबाट पेश भएको प्रस्ताब बमोजिम विपद्बाट प्रभावित वडा नं. ६ निबासी सोम बहादुर दमैलाई १ बण्डल जस्तापाता सहयोग प्रदान गर्ने।

६. गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुको हाल खाइपाइ आइरहेको तलब र नेपाल सरकारले तोकेको आधारभूत तलबमान बीचको फरकको ५० प्रतिशत रकम थप गरि करार सम्झौता नवीकरण गर्ने।

७. इच्छाकामना गाउँपालिका वडा नं. ६ मा रहेको देवीभञ्ज्याङ रा.आ.वि., कालिखोलामा कार्यरत २ जना शिक्षक कर्मचारीहरुलाई गाउँपालिकाको दरबन्दीमा कायम गरी तलब भत्ता उपलब्ध गराउने।

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

८. लामो झरना, उपर्दाङगढी, सिराईचुली, बालगौरी प्रवेश, गेट मन्दिर र इच्छाकामना मन्दिरको टिकट काट्ने एवं सरसफाई गर्ने कार्यका लागि देहायबमोजिम गर्ने।

(क) लामो झरनामा सम्बन्धित वडाको सिफारिसमा १ जना टिकट काट्ने शुल्क संकलक थप गर्ने र पारिश्रमिक रु.१६,०००।- (अक्षेरुपि सोह्र हजार मात्र) उपलब्ध गराउने।

(ख) उपर्दाङगढीमा टिकट काट्ने शुल्क संकलकलाई रु.१६,०००।- (अक्षेरुपि सोह्र हजार मात्र) पारिश्रमिक दिने। साथै उपर्दाङगढीको सरसफाईका लागि स्थानीय टोल विकास संस्थालाई जिम्मेवारी दिई सरसफाईका लागि उक्त संस्थालाई बिल भर्पाईका आधारमा मासिक अधिकतम रु.५,०००।- (अक्षेरुपि पाँच हजार मात्र) उपलब्ध गराउने।

(ग) इच्छाकामना मन्दिरको सरसफाईका लागि सम्बन्धित वडाको सिफारिसमा १ जना आंशिक सरसफाईकर्मी राख्ने र पारिश्रमिक बापत मासिक रु.६,०००।-(अक्षेरुपि छ हजार मात्र) उपलब्ध गराउने।

(घ) सिराईचुली प्रवेश शुल्क संकलन गर्न एवं नियमित सरसफाई गर्न सम्बन्धित वडाको सिफारिसमा १ जना आंशिक कर्मचारी राख्ने र मासिक पारिश्रमिक रु.६,०००।-(अक्षेरुपि छ हजार मात्र) उपलब्ध गराउने।

९. योजना शाखाबाट पेश भए बमोजिम पालिकाका महत्वपूर्ण सडकहरुमा Length Worker राख्ने सम्बन्धमा देहायबमोजिम गर्ने।

(क) फिस्लिङ्ग इच्छाकामना वडा नं. ३, मुग्लिङ्ग तामिन इच्छाकामना वडा नं. ५ र जलबिरे-याकराङ्ग- चनौटे- ढुङ्ग्रे सडकमा मात्र १/१ जना Length Worker राख्ने।

(ख) वडाबाट सिफारिस भई आएको Length Worker संग सडकको सुव्यवस्थित सञ्चालनका लागि श्रावण १५ देखि आश्विन १५ सम्मको करार सम्झौता गर्ने।

(ग) उल्लेखित सडकहरुमा काम गर्ने Length Worker लाई मासिक रुपमा बढिमा २१ दिनको अदक्ष ज्यामिले प्राप्त गर्ने दैनिक ज्याला उपलब्ध गराउने।

(घ) Length Worker को यस्तो ज्याला मर्मत सम्भार कोषबाट खर्च लेख्ने।

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष